आज मिति २०८२ साल चैत महिनाको १५ गते आइतबारका दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को नवौं बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | नाती तामाङ | वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोक्तान | वडा अध्यक्ष | |
| ८ | विष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सज्ञीमाया तामाङ | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सावित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | |
| १७ | बद्रिनाथ लम्साल | सदस्य सचिव | |

अन्य उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | |

CS CamScanner

बैठक मितिः २०८२/१२/१५

## छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. कर्मचारीको अध्ययन विदा स्विकृति सम्बन्धमा।

३. स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन सम्बन्धमा।

४. स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) को अंक सम्बन्धमा।

५. गाउँसभाको हिउँदे (१७ औं) अधिवेशन सम्बन्धमा।

६. शिवपुरी आधारभूत अस्पतालको जानकारी सम्बन्धमा।

७. शिवपुरी आधारभूत अस्पताल उद्‌घाटन सम्बन्धमा।

८. विविध।

(क) रोजगार प्रवर्द्धन कार्यक्रममा साझेदारी सम्बन्धमा।

(ख) आर्थिक सहायता (औषधी उपचार) सम्बन्धमा।

CamScanner

बैठक नं.०९ बैठक मिति २०८२/१२/१५

## छलफल तथा निर्णयहरु

निर्णय नं. १ समिक्षा सम्बन्धमा:- मिति २०८२/११/१५ गतेका दिन बसेको कार्यपालिकाको बैठकले गरेको निर्णयहरूको बैठकमा समिक्षा सहितको छलफल गरियो । साथै कार्यपालिकाबाट चालु आ.व. २०८२/०८३ मा सम्पन्न गरिने भौतिक पूर्वाधार तर्फका योजना निरन्तर अगाडी बढि रहेको र अन्य नियमित कार्य निरन्तर भै रहेको व्यहोरा समिक्षा गरियो ।

निर्णय नं. २ कर्मचारीको अध्ययन विदा स्विकृति सम्बन्धमा:-

(क) शिवपुरी गाउँपालिकामा अधिकृत छैठौं, जनस्वास्थ्य निरिक्षक पदमा कार्यरत श्री नारायण श्रेष्ठ (क.सं.नं.१७७११७) पुर्वाञ्चल विश्व विद्यालय अन्तरगत कान्तिपुर एकेडेमी अफ हेल्थ साईन्स, काठमाण्डौंमा Bachelor in Public Health विषयमा अध्ययन गर्न छनौट भएकोले वागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन) २०७९ को दफा ५९ को उपदफा १,२ र ४ मा भएको व्यवस्था अनुसार २०८२ माघ देखि २०८६ पौष मसान्त अध्ययन अवधि ४ (चार) वर्ष सम्म तलवी अध्ययन विदा स्विकृत गरिपाउँ भनि पेश भएको कागजात अनुसार उक्त अवधीको तलव भत्ता पाउने गरी अध्ययन विदा स्विकृत गरी सोही ऐनको दफा ५० को अनुसूची-१४ वमोजिम कवुलियतनामा गराई अध्ययनका लागि पठाउने निर्णय गरियो।

(ख) यस गाउँपालिका अन्तरगत तलाखु स्वास्थ्य चौकीमा सि.अ.न.मी. सहायक पाँचौ पदमा पदस्थापन भई ग्रामिण स्वास्थ्य ईकाई तलाखुमा कार्यरत उमा सुवेदीले NAMS (National Academic of Medical Science) अन्तरगत midwifery science (BMS) विषयमा अध्ययन गर्न छनौट भएकोले वागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन ऐन) २०७९ को दफा ५९ को उपदफा १,२ र ४ मा भएको व्यवस्था अनुसार २०८२ माघ देखि २०८५ पौष मसान्त अध्ययन अवधि ३ (तीन) वर्ष सम्म तलवी अध्ययन विदा स्विकृत गरिपाउँ भनि पेश भएको कागजात अनुसार उक्त अवधीको तलव भत्ता पाउने गरी अध्ययन विदा स्विकृत गरि सोही ऐनको दफा ५० को अनुसूची-१४ वमोजिम कवुलियतनामा गराई अध्ययनका लागि पठाउने निर्णय गरियो।

CS CamScanner

**निर्णय नं. ३ स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन सम्बन्धमाः-** स्थानीय तह भित्रका विद्यालयहरूको भौतिक एवम् प्राविधिक पक्षको अध्ययन अनुगमन विद्यालय निर्माण एवम् पुनर्सवलीकरण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद जोखिम न्यूनिकरण र उत्थानशील शिक्षा तथा वृहत विद्यालय सुरक्षा लगायतका कार्यका लागि स्थानीय तहले स्थानीय पूर्वाधार हेर्ने समिति वा उपसमिति कार्यदलको संयोजकको संयोजकत्वमा देहाय अनुसार स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| श्री सुकुराम तामाङ, संयोजक, पुर्वाधार विकास समिति | संयोजक |
| श्री सुरेश थापा, योजना तथा वातावरण अधिकृत | सदस्य |
| श्री गोकुल देवी जोशी, ईञ्जिनियर, प्राविधिक | सदस्य |
| श्री पुजा खतिवडा, लैङ्गिक समता एवम् समावेशीकरण हेर्ने | सदस्य |
| श्री पुष्करराज विष्ट, शिक्षा अधिकृत | सदस्य सचिव |

**निर्णय नं. ४ स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को प्रारम्भिक नतिजा पृष्ठपोषणका लागि म्याद थप सम्बन्धमाः** स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ बमोजिम यस गाउँपालिकाले आफ्नो कार्यसम्पादनको स्वःमूल्याङ्कनका लागि सम्पन्न भएका कार्यहरुको आधार र पुष्ट्याई सहित विवरण प्रणालीमा प्रविष्टी गरी विषयगत समिति तथा स्वःमूल्याङ्कन समन्वय समितिको पृष्ठपोषण समेतको आधारमा प्राप्त तपसिल बमोजिमको प्रारम्भिक नतिजालाई कार्यविधिको नियम ६(छ) बमोजिम पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो।प्रारम्भिक नतिजालाई कार्यविधिको नियम ६ बमोजिम पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने समयावधी २०८२ साल चैत्र २० गते सम्म म्याद थप गरेकाले सोही दिन वस्ने कार्यपालिकाको बैठकमा पृष्ठपोषणको लागि पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ हिउँदे सभा सम्बन्धमाः** गाउँसभाको १७ औं (हिउँदे) अधिवेशन २०८२ साल चैत्र महिनाको २० गते बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ शिवपुरी आधारभूत अस्पतालको जानकारी सम्बन्धमाः** शिवपुरी गाउँपालिका अन्तर्गत १० शैयाको शिवपुरी आधारभूत अस्पताल वडा नं. ५, चालिसे स्थित आफ्नै भवनवाट १ मेडिकल अधिकृत सहित १० जना स्वास्थ्य कर्मीबाट

CamScanner

आधारभूत सेवा, दन्त सेवा, आँखा स्वास्थ्य सेवा र आयुर्वेद सेवा सहित एकीकृत स्वास्थ्य सेवा २०८२ साल माघ १३ गते देखि निरन्तर सञ्चालन गरिएको व्यहोरा जानकारी एवम् छलफल भयो।

निर्णय नं. ७ **शिवपुरी आधारभूत अस्पतालको उद्घाटन सम्बन्धमा:** शिवपुरी गाउँपालिका अन्तर्गत १० शैयाको शिवपुरी आधारभूत अस्पताल अनुकुल समयमा एक औपचारिक समारोहका विच विधिवत उद्घाटन गर्ने विषयमा छलफल गरियो।

निर्णय नं. ८ विविध

(क) **रोजगार प्रबर्द्धन कार्यक्रममा साझेदारी सम्बन्धमा:-** यस गाउँपालिका अन्तरगत वडा नं. ६ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमका लागि तोकिए बमोजिम न्यूनतम सत प्रतिशत लागत साझेदारीमा निम्न आयोजना सञ्चालन गर्ने निर्णय गरियो।

| क. सं. | आयोजनाको नाम | वडा नं. | वजेट | | |
|---|---|---|---|---|---|
| | | | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम | गाउँपालिका साझेदारी | जम्मा |
| १ | डाँडाथोक समुन्द्रा मा.वि. सडक ढलान | ६ | २२६२०० | २२६२०० | ४५२४०० |

(ख) **आर्थिक सहायता (औषधी उपचार) सम्बन्धमा:** यस गाउँपालिका भित्र स्थायी बसोवास गर्ने आर्थिक अवस्था कमजोर रहेका तपसिलका व्यक्तिहरूलाई औषधी उपचार वापत खर्च भएको रकमको प्रति व्यक्ति अधिकतम रू ५०,०००।- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र।) का दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क.सं. | नाम थर | ठेगाना | लिङ्ग | समस्या | उपचार |
|---|---|---|---|---|---|
| १ | विष्णु माया गुरूङ्ग | शिवपुरी १ | महिला | क्यान्सर | त्रि.वि. शिक्षण अस्पताल |
| २ | कमला तामाङ | शिवपुरी ४ | महिला | पाठेघरको रोग | त्रि.वि. शिक्षण अस्पताल |
| ३ | शारदा पाण्डे | शिवपुरी ८ | महिला | क्यान्सर | नेपाल मेडिकल कलेज काठमाण्डौ |

CamScanner